NSW Health

# समयमै खोप लगाउनुहोस्

## तपाईंको बच्चालाई उत्तम सुरक्षा दिनुहोस्!

## Vaccinate on time

Give your baby the best protection

Nepali

खोपहरू निः शुल्क र सुरक्षित छन् र साथै NSW खोप तालिकाअनुसार समयमै दिइएमा सबै भन्दा प्रभावकारी हुन्छन्। बच्चाहरूलाई दिइने प्रत्येक खोपको समय सावधानीपूर्वक चयन गरिएको छ ताकि बच्चालाई सकेसम्म सानै उमेरमा उत्तम सुरक्षा प्रदान गर्न सकियोस्।

## खोप किन लगाउने?

तपाईंको बच्चालाई खोप लगाउनाले:

- तिनीहरूलाई गम्भीर रोगहरूबाट बचाउँछ।
- तपाईंको समुदायलाई पनि सुरक्षा दिन्छ।
- हानिकारक रोगहरू नियन्त्रण गर्न मद्दत गर्दछ।
- बाल हेरचाह र विद्यालय भर्नाको लागि आवश्यक छ।
- पारिवारिक सहायता भुक्तानीको योग्यता सुनिश्चित गर्दछ।

## खोप कहिले लगाउने?

तपाईंको बच्चालाई यी उमेरमा खोप लगाउनु पर्छ:

- जन्म
- 6 हप्ता
- 4 महिना
- 6 महिना
- 12 महिना
- 18 महिना
- 4 वर्ष।

तपाईंको बच्चाको अर्को खोप कहिले लगाउने भनेर पत्ता लगाउन NSW खोप तालिका हेर्नुहोस्।

तलको QR कोड स्क्यान गर्नुहोस् वा health.nsw.gov.au/vaccinate हेर्नुहोस्।

के तपाईंलाई थाहा छ?

**NSW मा 94% भन्दा बढी बालबालिकाहरूले पूर्ण रूपमा खोप लगाएका छन्!**

## ढिलो नगर्नुहोस्!

यदि तपाईंको बच्चालाई रूघा वा हल्का चिसो लागेको छ भने पनि सामान्यतया खोपहरू लगाउन सकिन्छ। आफ्नो बच्चालाई तालिका अनुसारको खोप लगाएको सुनिश्चित गर्नआफ्नो डाक्टर वा नर्ससँग कुरा गर्नुहोस्।

## खोप लगाएपछि

खोपहरू सुरक्षित छन्, तर सुई लगाएको ठाउँमा सुन्निने वा रातोपन जस्ता हल्का साइड इफेक्टहरू कहिलेकाँही हुन सक्छन्। यदि तपाई चिन्तित हुनुहुन्छ भने, कृपया आफ्नो डाक्टर र नर्ससँग कुरा गर्नुहोस्।

## बच्चाहरूको लागि इन्फ्लुएन्जा (फ्लू) खोप

6 महिनादेखि 5 वर्ष मुनिका बच्चाहरूको लागि फ्लू खोप निःशुल्क छ। यसले गम्भीर फ्लूबाट बचाउँछ र वार्षिक रूपमा अद्यावधिक गर्न आवश्यक छ। तपाईंको डाक्टर र नर्सलाई फ्लू खोपको बारेमा सोध्नुहोस्।

## एकै पटकमा धेरै खोपहरू लगाउँदा

बच्चाहरूले सुरक्षित रूपमा एक पटकमा धेरै खोपहरू लगाउन सक्छन्, जसले गर्दा उनीहरूलाई खोपहरू लगाउने अतिरिक्त अपोइन्टमेन्टहरू बिना सुरक्षित रहन मद्दत गर्दछ। कुन खोपहरू सँगै दिन सकिन्छ भनेर जाँच गर्न आफ्नो डाक्टर वा नर्ससँग कुरा गर्नुहोस्।

# समयमै खोप लगाउनुहोस्

## तपाईंको बच्चालाई उत्तम सुरक्षा दिनुहोस्!

health.nsw.gov.au

### खोप रेकर्डहरू राख्नुहोस्

तपाईंलाई बाल हेरचाह, प्रिस्कूल, र स्कूल भर्नाको लागि यो खोप रेकर्डहरू चाहिन्छ। तपाईं कुनै पनि समयमा आफ्नो बच्चाको रेकर्डहरू पहुँच गर्न सक्नुहुन्छ:

- अनलाइन: my.gov.au तपाईंको मेडिकेयर खाता मार्फत।
- एप: मेडिकेयर एक्सप्रेस प्लस एप प्रयोग गरेर।
- फोन: AIR Enquires Line लाई 1800 653 809 मा फोन गरेर।

### खोप कहाँ लगाउने?

खोपहरू निम्न स्थानमा लगाउन सकिन्छ:

- जिपि
- आदिवासी चिकित्सा सेवाहरू
- केही स्थानीय काउन्सिलहरू
- केही सामुदायिक स्वास्थ्य केन्द्रहरू

खोप सेवा खोज्न मद्दत चाहिन्छ? आफ्नो स्थानीय Public Health Unit (सार्वजनिक स्वास्थ्य इकाई) लाई 1300 066 055 मा फोन गर्नुहोस्।



NSW GOVERNMENT

February 2025 © NSW Health. SHPN (HP NSW) 250126-9